स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





'भ्यानाकुटी' जोडी सौगात मल्ल र बेनिशा हमालले दोस्रो पटक सहकार्य गरेको फिल्म 'सिटामोल' जनै पूर्णिमाको छेको पारेर साउन २३ गतेबाट प्रदर्शनमा आउँदैछ। जुम्लाको कथा-व्यथामा आधारित रहेको फिल्मको टिजरदेखि गीतले दर्शकमा गहिरो प्रभाव छाडिसकेको छ। यस्तैमा चार दिनअघि सार्वजनिक ट्रेलरलाई पनि युट्युबमा उत्साहजनक प्रतिक्रिया मिलेको छ।

**आजको विचार...**



दुर्गा प्रसाद अर्याल

लोकतन्त्रमा...

(दुई पेजमा)

फिल्म 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरु' को गीत 'मसुरीको दाना'सार्वजनिक गरिएको छ। गीतमा अन्जु पन्त र एसडी योगीको स्वर, हर्क साउदको शब्द र एसडी योगीकै सङ्गीत छ। गीतको भिडियोमा फिल्मका मुख्य कलाकार विजय बराल, केकी अधिकारी, मिरुना मगर, गौरव पहाडी लगायत फिचर्ड छन्। प्रेममा रहेका प्रेमिल जोडीहरुको कथा गीतमा छन्। दुनियाँको मन जित्ने व्यक्तिहरु आफ्नै व्यक्तिगत सवालमा भने कुनै टुङ्गो नहुने वास्तविकतासँगै गीत सुरु हुन्छ ।

❒ वर्ष ३१ ❒ अंक १२ ❒ २०८२ साउन १२ गते सोमबार 28 July 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आतङ्कवादी आक्रमणमा ६ को मृत्यु

**(रासस/एएफपी)**

**तेहरान,** साउन ११/इरानको दक्षिणपूर्वी क्षेत्रमा रहेको एक न्यायलय रहेको भवनमा शनिबार भएको 'आतङ्ककारी आक्रमणमा'मा परी कम्तीमा छ जनाको मृत्यु भएको इरानी अदालत सम्बद्ध एक स्रोतले जनाएको छ । न्यायपालिकाद्वारा सञ्चालित मिजान अनलाइनले घटनामा पाँच जनाको मृत्यु भएको र १३ जना घाइते भएको समाचार सार्वजनिक गरेको छ । घाइतेमध्ये थप एक जनाको पनि मृत्यु भएको छ । प्रान्तीय मुख्य न्यायाधीश अली मोवाहेदी-राडलाई उद्धृत गर्दै मिजानले पछि घाइतेको सङ्ख्या २२ पुगेको र तीमध्ये अधिकांश सर्वसाधारण रहेको बताएका छन् । आगन्तुकको भेषमा भवनभित्र पस्न खोजेका र विष्फोटक पहिरनधारी तीनै जना बन्दुकधारीको मृत्यु भएको उनले बताए । 'इस्लामिक रिभोल्युसनरी गार्ड कोरको लडाकु दस्ता (कुद्स) मुख्यालयले घटनामा तीन जना आतङ्ककारी मारिएको पुष्टि गरेको छ,' उनले भने । मृत्यु हुनेहरूमा अदालतको सुरक्षा गरिरहेका तीन जना कानून प्रवर्तन सदस्यहरू पनि थिए र उनीहरू अदालतको सुरक्षार्थ खटिएका थिए । सिस्तान-बलुचिस्तान प्रान्तका प्रहरी सहकमान्डर अलिरेजा दलिरीका अनुसार आक्रमणकारीले भवनमा ग्रिनेड प्रहार गरेका थिए । 'आर्मी अफ जस्टिस' ले आक्रमणको जिम्मेवारी लिएको छ ।

# श्रमिक, मजदुरको सहारा बन्दै निर्माणकर्मी संघ

# मृतकका परिवारलाई पाँच लाख आर्थिक सहयोग

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन ११/जिल्लाका श्रमिक, मजदुर तथा निर्माणकर्मीहरुको साझा संस्था भवन तथा बाटो निर्माणकर्मी संघ पाल्पा श्रमिक, मजदुर तथा निर्माणकर्मीहरुको सहारा बन्दै आएको छ । संघमा आवद्ध श्रमिक हुन वा निर्माणकर्मीलाई परेको दु:ख, पीडामा संघ सहारा बन्दै आएको हो ।

२०६५ सालमा स्थापना भएको संघले शारीरिक अस्वस्थताबाट हुने अशक्तता, फदयघात, मृगौला खराब, क्यान्सर र पक्षघात जस्ता जटिल रोगबाट आउने समस्यामा होस् वा मृत्यु भएकाको परिवारहरुका लागि आर्थिक सहायता प्रदान गर्दै आएको छ । त्यति मात्र होइन संघले कोभिड महामारी, भूकम्पबाट प्रभावित मजदुर र श्रमिक वर्गहरुका लागि खाद्यान्न राहत उपलब्ध गराउनेदेखि नि:शु:क स्वास्थ्य परीक्षण गरी औषधि उपलब्ध गराउने कार्यमा समेत अभिभावकीय भूमिका निर्वाह गर्दै आएको छ । उसले श्रमिकको स्वास्थ्यपचार, दुर्घटनाबाट हुने मृत्युबाट परिवारमा पर्न जाने समस्या, सुत्केरी पोषणभत्ता,एकल महिला भत्ता, वृद्धाभत्ता,




श्रमिकहरुको सामूहिक दुर्घटना बिमा, श्रमिक तथा निर्माणकर्मीका सन्तानलाई शिक्षाको लागि छात्रवृत्ति लगायतका राहतका कार्यक्रम समेत सञ्चालन गर्दै आएको छ । संघले आइतबार एक औपचारिक कार्यक्रमका बिच लामो समय निर्माण क्षेत्रमा काम गर्दै आएका स्व. टोपबहादुर विश्वकर्माको परिवारलाई पाँच लाख आर्थिक सहायता प्रदान गरेको छ । संघका अध्यक्ष सुरेश कर्माचार्य, सचिव हुमराज बस्याल र सानीमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी पाल्पा शाखाका प्रवन्धक सन्तोष पौड्यालले संयुक्त रुपमा स्व. टोपबहादुरको श्रीमति शोभा वि.क.लाई पाँच लाखको चेक हस्तान्तरण गरेका हुन् । निर्माणकर्मी टोपबहादुरको गत चैत २२ गते ५२ वर्षको उमेरमा क्यान्सरका कारण मृत्यु भएको थियो । संघले उनको बिमा गरिदिएको थियो । स्वभाविक मृत्युबापतको राहत रकम संघले विकको परिवारलाई दिएको हो । सहयोग रकम हस्तान्तरण गर्दै अध्यक्ष कर्माचार्यले दु:ख र पीडामा रहेको परिवारलाई थोरै भए पनि राहत होस् भन्ने उद्देश्यले आर्थिक सहयोग गरिएको बताए । कर्माचार्यले संघमा आवद्ध निर्माणकर्मी, श्रमिकहरुको मृत्यु भएमा स्वभाविक मृत्यु वापतको रकम दिने गरेको भन्दै सो रकमले थोरै भए पनि राहत मिल्ने विश्वास व्यक्त गरे । उनले भने "हामीले एक जना सहकर्मी गुमाएकोमा दुखी छौं, तर उनको परिवारलाई परेको पीडामा हामी साथ दिन चाहन्छौं, यो पाँच लाख रकम थोरै हुन सक्छ तर यसले परिवारलाई राहत मिल्नुको साथै संघ यहाँहरु सँगै छ भन्ने आभाष दिन्छ भन्ने विश्वास लिएका छौं ।" संघले निर्माणकर्मी, श्रमिक, मजदुरहरुका लागि औषधि उपचार, दुर्घटना उपचार, सुत्केरी अनुदान, बिमा, पारिवारिक काजक्रिया, श्रमिक छात्रवृत्ति, अस्पताल भर्ना तथा खाना, एकल महिला भत्ता, प्राथमिक दुर्घटना उपचार, वृद्धाभत्ता, स्वभाविक मृत्यु लगायतमा सहायता प्रदान गर्दै आएको अध्यक्ष कर्माचार्यले बताए । उनका अनुसार संघले हालसम्म यी क्षेत्रमा ८५ लाख ७३ हजार ७ सय ७२ रुपैयाँ आर्थिक सहयोग गरिसकेको छ । औषधी उपचारबापत २३ लाख ८४ हजार ५३, दुर्घटना उपचारबापत ७ लाख २९ हजार ९ सय ९५ , सुत्केरी अनुदानबापत एक लाख २२ हजार, बिमा खर्च २३ लाख ८ हजार २ सय ६०, पारिवारिक काजक्रियाबापत ६ लाख ८५ हजार, श्रमिक छात्रवृत्तिबापत २ लाख ३४ हजार ५ सय, अस्पताल भर्ना तथा खाना खर्च एक लाख ५१ हजार ५ सय २५, एकल महिला भत्ताबापत ३ लाख ८० हजार ५ सय, प्रथमिक दुर्घटना उपचारबापत २ लाख ९६ हजार ५ सय ३९, वृद्धा भत्ताबापत ६ लाख १७ हजार र स्वभाविक मृत्युबापत ७ लाख ४० हजार खर्च गरिएको अध्यक्ष कर्माचार्यले बताए । रकम हस्तान्तरण कार्यक्रममा नेपाल पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष मुक्तिप्रसाद न्यौपानेले संघले आर्थिक सहयोग गरेर दु:ख र पिडामा परेका निर्माणर्की, श्रमिकहरुलाई मलम लगाउने काम गरेको भन्दै संघको प्रशंसा गरे । उनले भने,"संघले विगतदेखि नै श्रमिकहरुका पिर मर्काहरुमासँगै हातेमालो गर्दै आएको छ, यो अत्यन्त अनुकरणीय र प्रशंसनिय कार्य हो ।" आर्थिक सहयोग रकम पाएपछि टोपबहादुरको श्रीमति शोभा विकले परिवारमा पिडा परेको बेला संघले आर्थिक सहयोग गरेर ठूलो राहत दिएको बताईन् । उनले भनिन्" सहयोग रकमले घरखर्चसँगै श्रीमानको उपचारमा लागेको ऋण तिर्न ठूलो सहयोग पुग्ने छ ।" संघका सचिव हुमराज बस्यालले निर्माण कार्यलाई गुणस्तरीय र भूकम्पीय दृष्टिबाट मजबूद भवन निर्माण गर्नुको साथै संघमा आवद्ध रहेका श्रमिक वर्गको हकहितका विषयमा संघ सधैव क्रियाशिल रहँदै आएको बताए । संघका अध्यक्ष सुरेश कर्माचार्यको अध्यक्षता, सचिव हुमराज बस्यालको सञ्चालनमा सहयोग हस्तान्तरण कार्यक्रम भएको थियो ।

## आगलागीबाट युवतीको निधन



**तम्घास (गुल्मी),** साउन ११/धुर्कोट गाउँपालिका-५ वस्तु अमराईस्थित मनी विककी २५ वर्षीया छोरी जुनाको आगलागीमा परेर आइतबार विहान मृत्यु भएको छ । धुर्कोट -५ का वडाध्यक्ष केशवराज भण्डारीका अनुसार मानसिक अवस्था कमजोर रहेकी जुना आफैले घरमा आगो लगाएको थिइन् । स्थानीय र प्रहरीले आगो नियन्त्रणमा लिएका थिए । आगलागीबाट रु तीन लाखभन्दा बढीको क्षति भएको जनाइएको छ । ***-रासस***

## बुटवलस्थित जबई खेल मैदानमा कर्णेल उजिरसिंह थापा रङ्गशाला बन्दै

**भरत केसी/रासस**

**लुम्बिनी,** साउन ११/बुटवल उपमहानगरपालिका वडा नं १३ सालघारीस्थित जबई खेल मैदानलाई स्तरोन्नति गरी अन्तरराष्ट्रियस्तरको कर्णेल उजिरसिंह थापा रङ्गशाला बनाउने काम सुरु भएको छ । बुटवलको जितगढीमा भएको अङ्ग्रेज फौजसँगको लडाइँ जिती विश्वभर नेपालीको वीरता फैलाउने कर्णेल थापाको सम्मानमा आधुनिक एवं सुविधासम्पन्न रङ्गशाला बनाउने काम अघि बढेको हो ।

बुटवल उपमहानगरपालिकाले आव २०७६/७७ मा सो खेल मैदानलाई स्तरोन्नतिसहित कर्णेल थापाका नाममा रङ्गशाला बनाउन



सुरु गरिएकामा वनको अवरोधलगायत कारण रोकिएको काम सुरु भएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका इञ्जिनियर शङ्कर सुवेदी बताउन्छन् । भूतपूर्व सैनिकको बाहुल्य रहेको सो उपमहानगरपालिका वडा नं १३ मा बन्न लागेको उक्त रङ्गशाला निर्माणका लागि लुम्बिनी प्रदेश सरकारले दुई चरणमा विनियोजित गर्नेगरी ५३ करोड बजेट उपलब्ध गराउने निर्णय गरेको छ । पहिलो चरणअन्तर्गत चालु आर्थिक वर्ष २०८२/८३ मा रु १० करोड ७६ लाख ६१ हजार लागत अनुमान स्वीकृत भई बोलपत्र आह्वान प्रक्रिया अघि बढिसकेको विकास प्राधिकरणले जनाएको छ । सो रङ्गशाला निर्माणका लागि अर्जुन, मार्क, प्रदीप जेभी बनस्थली काठमाडौँसँग भ्याटसहित आठ करोड ५२ लाख ३२ हजार ४९३ ठेक्का सम्झौता भएको र तीन करोड प्रदेश सरकारबाट बजेट विनियोजन भइसकेको प्राधिकरणले बताएको छ । ***-बाँकी अन्तिम पेजमा...***

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## हेपाटाइटिस दिवस र यसको सार्थकता

हरेक वर्ष जुलाई २८ लाई संयुक्त राष्ट्रसंघको आह्वानमा विश्वभर हेपाटाइटिस दिवसको रुपमा मनाउने गरिन्छ । यो दिन हेपाटाइटिस बीको जीवाणु पत्ता लगाएका डा.बराक स्यामुयल ब्लुम्बर्गको जन्मदिन पनि हो । यही अवसर पारेर हरेक वर्ष जुलाई २८ लाई विश्व हेपाटाइटिस दिवसका रुपमा मनाइन्छ । हेपाटाइटिस रोग बारेको चेतना, यसको परिक्षण र उपचारमा सबैको पहुँच पुऱ्याउनु पर्नेमा दिवसले जोड दिएको छ । हेपाटाइटिस भाइरसद्वारा हुने सरुवा रोग हो । यस रोगले मानिसको कलेजोमा असर गर्छ । अन्य मौसमभन्दा वर्षातको समयमा बढी देखा पर्छ । यसको बेलैमा उपचार भएन भने लिभर क्यान्सर तथा सिरोसिस अफ लिभर हुने सम्भावना हुन्छ । यसलाई एड्सभन्दा पनि खतरनाक मानिन्छ । हेपाटाइटिसबाट मर्नेको संख्या एड्सबाट मर्नेको संख्या भन्दा १० गुणा बढी छ । मानव शरीरमा कलेजो महत्वपूर्ण अङ्ग हो । यो सुन्निएको अवस्था नै हेपाटाइटिस हो । विभिन्न विषाणुको संक्रमण, औषधिको प्रयोग, क्यान्सर आदि हेपाटाइटिसका कारण हुन् । समयमा ध्यान नपुऱ्याउने हो भने यसले विकराल रूप लिने निश्चित देखिन्छ । अहिले यस चुनौतीसँग जुध्न धेरै राष्ट्रले सक्रिय रुपमा लागेका छन् ।

जबसम्म हेपाटाइटिस रोग सम्बन्धी राष्ट्रियस्तरमा कुनै नीति बन्दैन र सरकारी निकायबाट प्रभावकारी कार्यक्रम सुरु हुँदैन, तबसम्म हेपाटाइटिसको उन्मूलन लगभग असम्भव नै देखिन्छ । कुनै कारणवश रगत परीक्षण गर्दा हेपाटाइटिस लागेको थाहा भइहाले पनि समाजमा व्याप्त नकारात्मक दृष्टिकोणले गर्दा धेरै बिरामी आफ्नो रोग लुकाउन बाध्य छन् । धेरै बिरामीहरूमा हेपाटाइटिस बी र सीको उपचार सम्भव छ भन्ने समेत जानकारी नै छैन, जुन आजका दिनमा साह्रै दुर्भाग्यको विषय हो । यसर्थ सरकारी तवरबाट आजैदेखि हेपाटाइटिस सम्बन्धी प्रभावकारी कार्यक्रम सञ्चालन गरी आम नागरिक समक्ष यस रोगबारे सचेतना जगाउन ढिला नगरौं ।

## Opinion @ Social Network

खुसी परिस्थितिमा भर पर्छ
एउटा बच्चा बेलुन किनेर खुसी थियो भने
अर्को बच्चा बेलुन बेचेर।
*(सरीता थापाको फेसबुक स्टाटसबाट www.facebook.com/nawaraj.Thapa.333)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लोकतन्त्रमा मौलाएको तानशाह शैलीको अन्त्य कहिले ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको भजन गाउँदै व्यवहार र कार्यशैली भने तानशाह शैली देखाउने प्रवृत्ति आज भोली नेपालका राजनीतिक दलका नेतृत्व वर्गमा मौलाउदै गएको विषय बनेको देखिन्छ । मौलाउँदै गरेको यस प्रवृत्तिको अन्त्य हुने सम्भावनाको खोजी कहि कतैबाट गरेको पनि देखिदैन् । यो शैली राजनीतिक दल भित्र र सरकार सञ्चालनको क्रममा दिनप्रति दिन बढ्दै गएको छ । जनताहरु साशन शैली अलि फरक होस्, नयाँ-नयाँ पुस्ताले साशन सञ्चालन गरुन् भन्ने चाहना राखेको देखिन्छ तर मूख्य दलका नेतृत्व भने वाचन जरी आफै पार्टी नेतृत्वमा रहिरहु , वाचन जरी सत्तामा रहि रहने गरि आफु अनुकुलको नियम बनाउन तमतयार भएको देखिन्छ । सकन जरी सत्ता र शक्तिको वरपर बस्न चाहने विशेष गरेर राजनीतिक दलका नेतृत्व देउवा, ओली ,प्रचण्डलाई फाईदा भएता पनि दल भित्रका क्षमतावानहरु कहिलै आफ्नो क्षमता देखाउन नपाउने गरि पाखा लाग्ने सम्भावना बढ्दै गएको देखिन्छ भने देशले पनि समय अनुकुलको साशन शैलीको अभ्यास गर्न सक्ने नेतृत्व नपाउदा समय अनुशारका योजना पाउन सकेको देखिदैन् । भाषण र कुरा मात्रै होइन पाटी भित्र होस् वा साशन सञ्चालनमा होस् लोकतन्त्रको अभ्यास हुन जरुरी देखिन्छ । यहाँ राजनीतिक दलका मुख्य नेतृत्वले देखाउने अलोकतान्त्रिक चरित्र,तानशाह शैली र यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**राजनीतिक नेतृत्वको तानाशाह व्यवहार :** केहि दिन अगाडि एमालेको सचिवालय बैठक तथा केन्द्रीय समिति बैंठकमार्फत विधानमा भएको पाटी नेतृत्वमा ७० वर्षे उमेरहदलाई तनाशाह शैलीमा एमालेका अध्यक्ष ओलीले हटाएर बाचन जरी एमाले नेतृत्वमा रहने अवस्थाको सुनिश्चितता गरेका छन् भने सोही बैठकमार्फत आफ्नो प्रतिस्पर्धीको रुपमा स्थापित हुन् खोजेकी पूर्व राष्ट्रपति विद्या भण्डारीको उद्देश्यमा अवरोध गर्ने गरि एमाले पार्टी सदस्यता नविकरण नगर्ने निर्णय पनि गरेको देखिन्छ । आफ्ना विरुद्ध फरक मत राख्नेलाई ओलीले कारवाही गर्ने, निलम्वन गर्ने गरेको देखिन्छ । यस्तो शैली लोकतन्त्र माथिको उपहास हो । झट्ट हेर्दा सामान्य जस्तो लाग्ने यी दुई विषय वस्तु केहि आसेपासे, गुट र स्वार्थमा रमाउनेहरुलाई मन परेता पनि यसले देखाउन खोजेको एउटै पक्ष हो तानशाह शैलीको अभ्यास, पाटी भित्रको आन्तरिक लोकतन्त्रको अन्त्य र दास मनोवृत्तीलाई गर्न खोजिएको प्रोत्साहन । यस्तै शैली आफुलाई प्रजातन्त्रको अब्बल ठान्ने काँग्रेस पार्टीमा पनि मौलाउँदै गएको देखिन्छ । काँग्रेस सभापति शेरबहादुर देउवाले पनि यस शैलीलाई अबलम्वन गरि रहेको देखिन्छ । तोक्नु पर्ने काँग्रेस महाधिवेशनलाई रोकेर आफु प्रधामन्त्री भइसके पछि सत्ता शक्तिको आडमा आफु वा आफु अनुकुलको लागि काँग्रेस नेतृत्वमा ल्याउन चाहनु, निर्णय लाद्नु, सहकर्मीका कुरा सुन्न नचाहनु, सिमित गुट र स्वार्थ समूहमा रमाई रहनु तानशाह शैली हो । साथै लोकतन्त्रको भजन गायता पनि पार्टी भित्रको आन्तरिक लोकतन्त्र स्थापित गर्नमा चुकिरहेको देखिन्छ । आफु बाचन जरी

*आफ्ना विरुद्ध फरक मत राख्नेलाई ओलीले कारवाही गर्ने, निलम्वन गर्ने गरेको देखिन्छ । यस्तो शैली लोकतन्त्र माथिको उपहास हो । झट्ट हेर्दा सामान्य जस्तो लाग्ने यी दुई विषय वस्तु केहि आसेपासे, गुट र स्वार्थमा रमाउनेहरुलाई मन परेता पनि यसले देखाउन खोजेको एउटै पक्ष हो तानशाह शैलीको अभ्यास, पाटी भित्रको आन्तरिक लोकतन्त्रको अन्त्य र दास मनोवृत्तीलाई गर्न खोजिएको प्रोत्साहन । यस्तै शैली आफुलाई प्रजातन्त्रको अब्बल ठान्ने काँग्रेस पार्टीमा पनि मौलाउँदै गएको देखिन्छ । काँग्रेस सभापति शेरबहादुर देउवाले पनि यस शैलीलाई अबलम्वन गरि रहेको देखिन्छ । तोक्नु पर्ने काँग्रेस महाधिवेशनलाई रोकेर आफु प्रधामन्त्री भइसके पछि सत्ता शक्तिको आडमा आफु वा आफु अनुकुलको लागि काँग्रेस नेतृत्वमा ल्याउन चाहनु, निर्णय लाद्नु, सहकर्मीका कुरा सुन्न नचाहनु, सिमित गुट र स्वार्थ समूहमा रमाई रहनु तानशाह शैली हो । साथै लोकतन्त्रको भजन गायता पनि पार्टी भित्रको आन्तरिक लोकतन्त्र स्थापित गर्नमा चुकिरहेको देखिन्छ । आफु बाचन जरी आफु वा आफ्ना शक्तिमा रहिरहुन भन्ने उनको उद्देश्य देखिन्छ । बाचन जरी पाटी नेतृत्वमै रहने उनको उद्देश्य देखिन्छ । खोज्ने आट पनि गर्न सकेको देखिदैन् ।*

आफु वा आफ्ना शक्तिमा रहिरहुन भन्ने उनको उद्देश्य देखिन्छ । वि.स २०६२ /०६३ को जनआन्दोलनपछि भएका हेरक परिवर्तन आफ्नो कारण भएको दावी गर्ने माओवादी र त्यसका अध्यक्ष प्रचण्डले पनि जति लोकतन्त्रका कुरा गरेता पनि पार्टी भित्र यो स्थापित गर्न नसक्दा बलियो पार्टी टुक्रा-टुक्रा भएको विगत देखिन्छ भने नेतृत्व हस्तान्तरण गर्ने चाहना पनि उनीमा देखिदैन् । बाचन जरी पाटी नेतृत्वमै रहने उनको उद्देश्य देखिन्छ । पुराना राजनीतिक दलको सोच नै पुरानो भएर यसो भएको हो की ? भन्ने प्रश्न उठेता पनि आफुलाई नयाँ भन्ने तराई मधेसका विभिन्न राजनीतिक दल, माधव नेपालको समाजवादी, बाबुरामको नयाँ शक्ति र राप्रपा जस्ता पार्टीमा पनि यो तानाशाह शैलीको अभ्यास भएकै देखिन्छ । यसका साथै आमुल परिवर्तनको उद्देश्य बोकेको राष्ट्रिय स्वतन्त्र पार्टी भित्र पनि यो झनै उर्वर रुपमा रहेको देखिन्छ । उसले अहिलेसम्म महाधिवेशन गरेर लोकतान्त्रिक प्रक्रियाद्धारा नेतृत्व तय गर्न सकेको देखिदैन् भने अदालतले दोषी ठहराई सकेका र जेलमा रहेका आफ्ना सभापतिको विकल्प खोज्ने आट पनि गर्न सकेको देखिदैन् । यी उल्लेखित पक्षहरुले एकातिर लोकतान्त्रिक पद्धतीलाई लत्याउदै तानशाह शैलीलाई प्रोत्साहन गर्न खोजीएको देखिन्छ भने अर्को तीर पछिल्लो समय साशन व्यवस्था र साशन शैली माथि बढ्दै गएको असन्तुष्टि र आलोचनाको यो एक मुख्य कारण बनेको देखिन्छ । प्रजातन्त्र र लोकतन्त्र भजन गाउने र भाषण गर्ने विषयवस्तु मात्रै होइन यो १०४ वर्षे जहानीया राणा साशनको अन्त्य, करीव ३० बर्ष बढीको पञ्चायती साशन व्यवस्थाको अन्त्य, १० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलनबाट प्राप्त अधिकार हो । नेपालका राजनीतिक दलका नेतृत्वले स्वार्थमा रमाएर यसको मर्म र भावना माथि चाहे पार्टी भित्र होस् चाहे साशन सञ्चालन गर्ने क्रममा होस् पटक-पटक प्रहार गरिरहेको देखिन्छ । समाचार लेखेकै भरमा, सामाजिक सञ्जालमा बोलेकै भरमा, आफ्नो विरोध गरेकै भरमा, पाटी भित्र एस म्यान नबनेर फरक मत राखेकै भरमा निषेधको राजनीति अपनाउने, पक्राउ पूर्जी जारी गर्ने, थुन्ने, पञ्चायती शैलीमा झुट्टा मुद्दा लगाउने, समाचार प्रकाशनमा नियन्त्रण गर्न खोज्ने कार्य गरिरहेको देखिन्छ । पाटी भित्र होस् या सरकार सञ्चालनमा एकल निर्णय लाद्ने, संविधान तथा ऐन नियमको आफू अनुकुल व्याख्या गर्ने, राज्यका अंगहरुलाई आफु अनुकुल प्रयोग गर्ने, यो लोकतन्त्र भित्रको तानशाह शैलीको अभ्यास हो भन्दा फरक नपर्ला ।

**मुख्य कारणहरु/समाधानका पक्षहरु :**

-नेताहरुमा सत्ताको लोभ र पद मोह हुनु ।
-राजनीतिक नेतृत्वको खराव कुराको प्रतिवाद गर्न नसक्नु ।
-दल भित्र आन्तरिक लोकतन्त्रको अभाव ।
-नागरिक सचेतनाको कमी र कमजोर प्रतिपक्ष ।
-कानुनी साशन/विधिको साशन /सुशाशनको अभाव ।
- विकेन्द्रीकरणको सच्चा प्रयोग नहुनु ।

**निष्कर्ष :** मै लाउ मै खाउँ भन्ने विचारले कार्य शैलीमा तानशाह भित्र्याउन मद्दत गर्दछ । यस मामलामा नेपालका कुन दल अछुतो देखिदैनन् । तर लोकतन्त्र गणतन्त्रको सुन्दर पक्ष हो । यहि काराण गणतन्त्रलाई लोकप्रिय साशन व्यवस्था मानिने गर्दछ । तर नेपालको राजनीतिमा दलका नेतृत्वमा देखिने तानशाह शैलीले पाटी भित्र र साशन सञ्चालनमा कतै न कतै विगतदेखि वर्तमान सम्म निरन्तरता पाएको देखिन्छ । लोकतान्त्रिक साशन व्यवस्था अबलम्वन गर्ने तर व्यवहार र कार्यशैलीमा तानशाहीको लक्ष्ण देखिनु गम्भिर पक्ष भएकाले यस पक्षमा सुधार गरेर दल भित्रको आन्तरिक लोकतन्त्रलाई प्रोत्साहन गर्दै साशन व्यवस्था सञ्चालनमा यस पक्षले प्राथमिकता पाउनु जरुरी देखिन्छ । यसका लागि संविधान र ऐन नियमका शब्दले होइन राजनीतिक दल र तीनका नेतृत्वनै आ - आफ्नो ठाउँबाट सुध्रिनु जरुरी देखिन्छ । ***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : कार्यको गम्भीरतालाई बुझेर निर्णय लिनुहोला। शैक्षिक क्षेत्रमा प्रगति हुनेछ।
**वृष** : इष्टमित्रहरूको सहयोग मिल्नेछ। कसैसँग वादविवादमा नपर्नुहोला।
**मिथुन** : धैर्य र पराक्रममा वृद्धि हुनेछ। समय उत्तम रहनेछ। सुखद यात्रा रहनेछ।
**कर्कट** : वोलिको माध्यमले कार्य सिद्ध गर्न सकिनेछ। कलाको क्षेत्रमा रुचि बढ्नेछ।
**सिंह** : आफन्तहरूसंग रमाइलो समय व्यतीत हुनेछ। मान प्रतिष्ठामा वृद्धि हुनेछ।
**कन्या** : शुभचिन्तकहरू टाढिनेछन् । कुनै कुरालाई लिएर मनमुटाव हुन सक्छ।
**तुला** : योजना प्रारम्भ गर्ने समय रहेको छ। सेवामूलक कार्यबाट प्रतिष्ठा पाइएला।
**वृश्चिक** : व्यापारमा प्रशस्त फाइदा उठाउन सकिएला। भेटघाटले काममा उत्साह जाग्नेछ।
**धनु** : कार्यप्रति आकर्षित भइनेछ। समस्याले गर्दा योजना रोकिन सक्ला।
**मकर** : मनमा अज्ञात भय रहनेछ। व्यापारलाई पारदर्शिता राख्नुहोस्।
**कुम्भ** : योग्यताको उचित मूल्यांकन हुनेछ। राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ।
**मीन** : दाम्पत्य जीवन सुमधुर रहनेछ। स्वाभिमानको रक्षाको लागि संघर्ष गर्नुपर्ला।

# शिक्षा

## विद्यार्थीलाई अनुदानमा प्राविधिक शिक्षा

पौवादुङ्मा गाउँपालिकाले निःशुल्क प्राविधिक शिक्षा पढाउने भएको छ । गाउँपालिकामा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ १२ विद्यार्थीलाई निःशुल्क प्राविधिक शिक्षा दिन लागिएको हो । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीइभिटी) सुम्निमा बहुप्राविधिक शिक्षालयमा भोजपुरमा अध्ययनका लागि विद्यार्थीको आवेदन माग गरिएको प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए । गाउँपालिकाले तीनवर्षे सिभिल इञ्जिनियरिङ, कृषि तथा पशु विज्ञान र कृषि बाली विज्ञान डिप्लोमा तह अध्ययनका लागि १२ विद्यार्थीलाई अनुदानको व्यवस्था गरेर आवेदन माग गरेको हो । गाउँपालिका भित्रका गरिब तथा जेहेन्दार विद्यार्थी आर्थिक अभावमा प्राविधिक शिक्षा पढ्नबाट वञ्चित नबनुन् भनेर शतप्रतिशत अनुदानमा प्राविधिक शिक्षा पढाउन लागिएको गाउँपालिकाका अध्यक्ष किरण राईले जानकारी दिए । यो वर्ष माध्यमिक शिक्षा परीक्षा (एसइई) उतीर्ण गरेका विद्यार्थीलाई लक्षित गरेर गाउँपालिकाले अनुदानको व्यवस्था गरेको हो ।




'अहिलेको आवश्यकता प्राविधिक शिक्षा हो', उनले भने, 'आर्थिक अभावमा विद्यार्थी गुणस्तरीय शिक्षा लिनबाट वञ्चित नहुन् भनेर विद्यार्थीलाई शतप्रतिशत अनुदानमा प्राविधिक शिक्षा प्रदान गर्दैछौं । यहीं नै आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने हाम्रो लक्ष्य हो ।' ***-रासस***

## विकटका विद्यार्थीलाई विकसित मुलुकका विद्यार्थीको सहयोग

अमेरिकामा हुर्किएका १७ वर्षीय साभर थापा शाहीले चितवनका विकट भेगका २७५ विद्यार्थीका लागि पोसाक, शैक्षिक र स्वास्थ्य सामग्री वितरण गरेका छन् । उनले करिब रु पाँच लाखभन्दा बढीको सामग्री सहयोग गरेका हुन् । भौगोलिक विकटतासँगै आर्थिक अवस्थाले अभाव झेलेका बालबालिकाका लागि अमेरिकामा रहेका विद्यार्थीसँग समन्वय गरेर सहयोग जुटाइएको हो । आर्थिक अभावले पठनपाठनमा समस्या भोगेका विद्यार्थीको अवस्था देखेर अमेरिकाको टेक्सासमा बस्ने साभरले आफ्ना साथीसँग जोगाएको खाजा खर्चले विकटका विद्यार्थीले झोला, कापी, कलम, पोसाक, जुत्ता र स्वास्थ्य सामाग्री पाएका हुन् । भरतपुर महानगरपालिका-२९ मा रहेको रातामाटे, डुम्रे, कमलपुर र राप्ती नगरपालिका-१२ को डिहिटारका आधारभूत विद्यालयका विद्यार्थीहरुलाई सामग्री वितरण गरिएको हो । राष्ट्रिय आधारभूत विद्यालय रातामाटेमा कक्षा ५ मा अध्ययन गर्ने रितु तामाङले भने, "पढ्ने सामान पायौँ, खुसी छौँ, झोला, लुगा पायौँ, अब ढुक्कले पढ्ने हो ।" त्यस्तै, भरतपुर-२५ स्थित सोसी विद्यालय



र माडीको दिवाकर स्मृति माध्यमिक विद्यालयका २७५ विद्यार्थीलाई पनि उनले सहयोग गर्नुभएको छ । साभारले विकसित र विकटका विद्यार्थीको समन्वय गराउन खोजेको बताए । चितवनमा नै रहेर दन्त उपचारमा सक्रिय चिकित्सक दम्पतीले सञ्चालन गरेको डा अजय न्यौपाने डा सरु थापा फाउन्डेसनले समन्वय गरेर यहाँका विकट गाउँमा सहयोग उपलब्ध गराइएको हो । नेपालमा आउने क्रममा साभारले गरिब र विकटका विद्यार्थीबारे थाहा पाएको बताए । आफ्ना ठूलो बुबा डा अजय र ठूलीआमा डा सरुले गरेको सामाजिक कामले आफू प्रभावित भएर अमेरिकामा रहेका साथीलाई नेपालसँग जोड्न लागेका बताए । विकटका बालबालिकाको सहकार्य र सहयोग दिगो बनाउने योजना रहेको फाउन्डेसनका अध्यक्ष डा अजयले बताए । ***-रासस***

## 'टेक एक्स: एलिभेट २०२५' सम्पन्न

असार ३२ देखि साउन ३ गतेसम्म सञ्चालन भएको यस कार्यक्रमले प्रविधिमा रुचि राख्ने विद्यार्थी, व्यवसायी, शैक्षिक प्रतिनिधि, इन्फ्लुएन्सर र लगानीकर्ताहरूलाई एकै ठाउँमा ल्याएको थियो । कार्यक्रममा १०,००० भन्दा बढी आगन्तुकहरू, ५० भन्दा बढी शैक्षिक संस्था र ३० भन्दा बढी प्रविधि कम्पनीहरूको सहभागिता रहेको थियो। १५ भन्दा बढी चर्चित कन्टेन्ट क्रिएटरहरूको उपस्थिति पनि यस महोत्सवको महत्त्वपूर्ण हिस्सा थियो । यस महोत्सवमा विद्यार्थीहरूले बनाएका २० भन्दा बढी नवीन प्रविधि प्रोजेक्टहरू प्रदर्शनमा राखिएको थियो । यसमध्ये करुणा, मिरा (रोबोटिक सहायक), स्टडीसेन्स (VR–आधारित कोर्स काउन्सेलर), तोमात्रों (एआई-पावर्ड एग्रोबोट) जस्ता प्रोजेक्टहरूले विशेष चर्चा पाए । आन्त्रप्रेनरशिप मास्टरक्लास सत्रमा अनुभवी उद्यमीहरूले आफ्ना अनुभव बाँडे । भीसी पिचिङ सेसनमा २५ भन्दा बढी स्टार्टअप आइडिया प्रस्तुत गरिए, जसमध्ये ७ वटामा लगानीकर्ताहरूले चासो देखाए । कलेजले प्रतिभाशाली स्टार्टअपहरूमा लगानीका लागि १ करोड रुपैयाँको लगानी कोष घोषणा गरेको छ । दुई दिने जब फेयरमा ३० भन्दा बढी कम्पनीहरू सहभागी थिए । यसमा ५०० भन्दा बढी विद्यार्थी तथा पूर्व विद्यार्थीहरूले अन्तर्वार्ता दिने र करियर परामर्श लिने अवसर पाए । कार्यक्रमको अर्को महत्त्वपूर्ण पक्ष 'आइरनक्लाश' रोबोट युद्ध प्रतियोगिता थियो। विजेता टिमलाई ३ लाख रुपैयाँ बराबरको पुरस्कार प्रदान गरियो, जसले विद्यार्थीहरूको प्रविधि कौशललाई प्रोत्साहन दियो । १५ भन्दा बढी चर्चित डिजिटल क्रिएटरहरूको सहभागितामा आयोजित यस मिटअपले युवाहरूलाई डिजिटल दुनियाँका सम्भावनाबारे जानकारी दियो । यसमा सबिन कार्की (बिस्ट), राहुल खड्गी, सिद्धार्थ घिमिरे (टेक) लगायतका व्यक्तित्वहरू उपस्थित थिए । इन्स्पायर टक सत्रमा नेपाल प्रहरीका पूर्व डिआइजी रमेश खरेलसहित विभिन्न व्यक्तित्वहरूले युवाहरूलाई इमान, अनुशासन र नेतृत्वबारे प्रेरित गरेका थिए । ***-रातोपाटी डटकम***

## विद्यालय शिक्षा सुधार गर्न, के गर्न सकिन्छ ?

**योगेन्द्र चापागाईं**

गत असार दोस्रो साता विद्यालय शिक्षा परीक्षा (एसइई) को नतिजा सार्वजनिक भयो। यस वर्ष कुल ६१.८१ प्रतिशत विद्यार्थी ग्रेड प्राप्त गर्न सफल भए, उत्तीर्ण भए । यो नतिजा गत वर्षको तुलनामा १४ प्रतिशतले बढी हो । यसले नतिजामा केही सुधार भएको संकेत गरेको छ । यस्तो बढोत्तरी देखिए पनि सामुदायिक विद्यालयको नतिजामा अपेक्षाकृत सुधार भएको छैन । शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा प्रकाशित प्रतिवेदनहरूले विद्यालय शिक्षाको समग्र गुणस्तर कमजोर देखाएका छन् । सामुदायिक विद्यालयको गुणस्तर बढी चिन्ताजनक देखिन्छ । हरेक शैक्षिक फोरममा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरको कुरा उठ्छ, विद्यालय शिक्षाको गुणस्तर कमजोर छ भन्ने टिप्पणी हुन्छ । किन यस्तो भएको हो भन्ने प्रश्न उठ्छ । यस्तो प्रश्न बारम्बार उठे पनि, बारम्बार छलफल भए पनि गहिरो बहस र विश्लेषणको विषय हुन सकेको छैन । यो निकै गम्भीर विषय हो । विद्यालय शिक्षाको गुणस्तर सुधार हुन नसक्नुको एक प्रमुख कारण विद्यालय शिक्षा प्रणालीमा प्रभावकारी सुपरिवेक्षण अभाव हुनु हो । शिक्षकलाई आवश्यक पेसागत सहयोग नपुग्नु पनि अर्को प्रमुख कारण हो । यी पक्षमा गम्भीरतापूर्वक व्यापक विमर्श नभएसम्म र काम सुरू नगर्दासम्म सामुदायिक विद्यालयको गुणस्तरमा दीर्घकालीन सुधारको अपेक्षा गर्न सकिँदैन । **के हो शिक्षक पेसागत सहयोग ?** शिक्षामा गुणस्तर सुनिश्चित गर्ने विभिन्न उपायहरू छन् । तीमध्ये सबैभन्दा पहिलो र आधारभूत उपाय शिक्षकको पेसागत दक्षता विकास गर्नु हो । विद्यालय शिक्षाको समग्र गुणस्तर शिक्षकको पेसागत सीप, क्षमता र व्यवहारमा प्रत्यक्ष निर्भर रहन्छ । यस कारण विद्यालय शिक्षा सुधारका लागि शिक्षकको पेसागत विकास र सहयोगकेन्द्रित कार्यक्रम चलाउनु अत्यावश्यक हुन्छ । विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्ने शिक्षकले नै हो । यस कारण शिक्षकको क्षमता बढाउनु नै पहिलो उपाय हो । हाल प्रचलित निश्चित समयको पूर्वनिर्धारित तालिमले मात्र शिक्षण-सिकाइको स्तरमा अपेक्षित सुधार हुन कठिन छ । शिक्षकको पेसागत विकासका लागि कक्षाकोठाको शिक्षण-सिकाइ प्रक्रिया प्रत्यक्ष अवलोकन गर्नु, शिक्षकका लागि आवश्यक सहजीकरण गर्नु र विद्यालयका अन्य शैक्षिक क्रियाकलापको सुपरिवेक्षण गर्नु आजको आवश्यकता हो । यसरी मात्र विद्यालय शिक्षाको गणस्तर र सिकाइ स्तरमा सकारात्मक परिवर्तन गर्न सकिन्छ । शिक्षण-सिकाइमा रूपान्तरण गर्न र विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न शिक्षकलाई सिद्धान्तमा आधारित तालिम दिनु मात्र पर्याप्त हुँदैन, निरन्तर पेसागत सहयोग आवश्यक पर्छ । यस्तो सहयोग पुऱ्याउन प्रत्येक स्थानीय तहमा प्रभावकारी स्थायी मोडल स्थापना हुनुपर्छ । स्थानीय सरकारको संयन्त्र बनेको आठ वर्ष बित्यो तर यस किसिमको आवश्यकता बोध भएको देखिएको छैन । शिक्षकको पेसागत सहयोग र क्षमता अभिवृद्धिका लागि स्थानीय तहहरूले कोशेढुंगो हुने कुनै पनि काम गर्न सकेका छैनन् । विद्यालय भवन जति नै अत्याधुनिक र सुविधासम्पन्न भए पनि तोकिएको मापदण्ड अनुसार शिक्षण-सिकाइ प्रक्रिया प्रभावकारी भएन भने नतिजा सुधार हुँदैन । यस सन्दर्भमा जनप्रतिनिधि र स्थानीय तहका कर्मचारीमा चेतना अभाव देखिएको छ । **के छ नीतिगत व्यवस्था र अभ्यास ?** नेपालमा विद्यालय सुपरिवेक्षण र शिक्षकलाई पेसागत सहयोग पुऱ्याउने अभ्यासको ऐतिहासिक यात्रा दरबार हाई स्कुलका पहिलो सुपरिवेक्षक मिस्टर रोसको नियुक्तिबाट सुरू भएको हो । 'राष्ट्रिय शिक्षा पद्धति योजना, २०२८'ले यसलाई योजनाबद्ध र संस्थागत बनायो । पछि 'सेती परियोजना' को माध्यमबाट 'स्रोत केन्द्र' र 'समूह विद्यालय' तोकेर शिक्षकका लागि पेसागत सहजीकरण गर्ने अभ्यास थालियो । २०४९ सालमा बनेको 'राष्ट्रिय शिक्षा आयोग' को सिफारिस अनुसार विद्यालय निरीक्षक र प्राविधिक सहायक रहने व्यवस्था गरियो । यसबाट शिक्षकलाई सहयोग गर्ने संरचना विस्तार हुँदै गयो । आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले स्रोतव्यक्तिलाई प्रमुख भूमिकामा राखेर नियमित रूपमा 'शिक्षक सहजीकरण' गर्न थाल्यो । त्यसपछि २०६१ सालमा 'सबैका लागि शिक्षा कार्यक्रम' अन्तर्गत स्रोत केन्द्रहरूको सञ्जाल विस्तार गरियो, कुल १०९१ वटा स्रोत केन्द्र स्थापना गरिए । यसबाट पनि अपेक्षित नतिजा आएन । स्थानीय सरकार गठन भएपछि 'विद्यालय निरीक्षक' रहेनन्, तिनीहरू 'शिक्षा अधिकृत' भनिए। स्रोतव्यक्तिको काज फिर्ता गरियो, विद्यालय सुपरिवेक्षणको जिम्मेवारी स्थानीय तहको भयो । पछिल्लो समय 'राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रम' अन्तर्गत 'पढाइ उत्प्रेरक' र 'विद्यालय प्रमुख' मार्फत शिक्षकको कक्षा अवलोकन गर्ने अभ्यास थालियो। तर यो प्रभावकारी हुन सकेन । हाल प्रत्येक आर्थिक वर्षमा 'शिक्षा विकास तथा समन्वय इकाइ' र स्थानीय तहलाई बजेट दिएर विषयगत शिक्षक समितिबाट शिक्षकलाई सहयोग गर्ने अभ्यास थालिएको छ । यो पनि प्रभावकारी देखिएको छैन । सरकारले जारी गरेको 'विद्यालय सुपरिवेक्षण तथा पेसागत सहायता निर्देशिका, २०८०' ले अवकाशप्राप्त शिक्षक र कर्मचारीलाई करारमा राख्ने व्यवस्था गरेको भए पनि कार्यान्वयन पक्ष कमजोर छ । शिक्षक मेन्टरिङ कार्यविधि- २०८० अनुसार नवप्रवेशी शिक्षकका लागि केही अभ्यास भए पनि यसले शैक्षिक सुपरिवेक्षण समेट्न सकेन । विद्यालय तहको शिक्षा सम्बन्धी अधिकार स्थानीय तहमा रहेकाले विद्यालय सुपरिवेक्षण र शिक्षक पेसागत सहयोगका लागि पनि स्थानीय तह नै प्रमुख जिम्मेवार हुन्छ । विद्यालय सुपरिवेक्षणका लागि स्थानीय तहका शिक्षा शाखालाई प्राविधिक जनशक्ति निकाय तोकिएको भए पनि कतिपय स्थानीय तहहरूमा शिक्षा क्षेत्रका प्राविधिक जनशक्ति नरहेको देखिएको छ । यस कारण विद्यालयका शिक्षकहरूले नै शिक्षा शाखाको कार्य सम्हाल्नुपरेको पनि देखिएको छ । प्राविधिक जनशक्ति उपलब्ध भएका स्थानीय तहहरूमा पनि केही कर्मचारी प्रमुख प्रशासकीय अधिकृत भएर प्रशासनिक कामका संलग्न भएका छन् । शिक्षा शाखाका प्राविधिक कर्मचारीलाई प्रशासनिक काममा लगाउँदा उनीहरूको ध्यान प्रशासनिक कामका केन्द्रित हुने गरेको छ । यसो भएपछि शिक्षकको पेसागत विकास र सहयोगसँग सम्बन्धित गतिविधि ओझेलमा परेको छ । कम्बोडिया, केन्या, युगान्डा, फिलिपिन्स र इन्डोनेसिया लगायतका देशहरूले विद्यालय र क्लस्टर तहमा नमूना शिक्षण, कक्षा अवलोकन, कोचिङ, शिक्षक बैठक तथा सिकाइ समूहको माध्यमबाट शिक्षकलाई निरन्तर पेसागत सहयोग गर्ने अभ्यास गरेका छन् । यसबाट शिक्षाको गुणस्तर सुधारका लागि विद्यालय सुपरिवेक्षण र शिक्षक पेसागत सहयोग अपरिहार्य छ भन्ने स्पष्ट हुन्छ । **अब स्थानीय तहले के गर्ने ?** सबै स्थानीय तहले विगतका र वर्तमानका अभ्यासको अनुभवका आधारमा शिक्षकको पेसागत सहयोगका लागि विद्यालय केन्द्रित र निरन्तर प्रक्रियामा आधारित प्रणाली विकास गर्नु अत्यावश्यक छ । विद्यालय सुपरिवेक्षण र शिक्षक सहायता प्राविधिक काम हो। यस कारण स्थानीय तहले विद्यालय संख्याको आधारमा शतप्रतिशत सहभागिता सुनिश्चित हुने गरी कार्यविधि तयार गर्नुपर्छ । यसनिम्ति आवश्यक प्राविधिक जनशक्ति व्यवस्था गर्नुपर्छ । यस उद्देश्यका लागि 'शिक्षक सहायता अधिकृत' पद सिर्जना गर्न सकिन्छ। हालका दरबन्दीमा लोकसेवाबाट आएका स्थायी शिक्षा प्राविधिक कर्मचारीलाई पूर्ण रूपमा यो जिम्मेवारीमा खटाउने सकिन्छ । यसैगरी, शिक्षा क्षेत्रमा कार्यरत, अनुभवी र योग्य व्यक्तिलाई करारमा नियुक्त गर्न सकिन्छ । यस्ता शिक्षक सहायता अधिकृतलाई कार्यसम्पादन सम्झौता गरेर जिम्मेवारी दिनुपर्छ । बजेट व्यवस्थापनका लागि स्थानीय तहले हाल भइरहेका कम प्राथमिकताका करार कर्मचारीको संख्या घटाउन सक्छ । नयाँ दरबन्दी सिर्जना गरेर पनि प्रणाली व्यवस्थित गर्न सक्छ । शिक्षक सहायता अधिकृतलाई तीन तहमा परिचालन गर्नुपर्छ । प्रत्येक अधिकृतले कम्तीमा दुई महिनामा एकपटक विद्यालय भ्रमण गरी शिक्षकको कक्षा अवलोकन गर्ने र सिकाइ सहजीकरणमा सहयोग पुऱ्याउने काम गर्नुपर्छ । सुधार योजना तयार गर्नुपर्छ । पहिलेको भ्रमणमा दिइएका सुझावको प्रगति मूल्यांकन गर्नुपर्छ, आवश्यकता अनुसार थप सुझाव दिनुपर्छ । विद्यालय सुपरिवेक्षण अन्तर्गत विद्यालयमा भएका शैक्षिक गतिविधिको अवलोकन गर्नुपर्छ। विद्यालय शैक्षिक गतिविधिको आधारमा 'अन द स्पट रिपोर्टिङ' गर्न लगाउनुपर्छ । प्रत्येक अधिकृतले विद्यालयहरूको समूह (क्लस्टर) बनाएर विषयगत 'शिक्षक सिकाइ समूह' गठन गर्नुपर्छ । यो समूहमा मासिक बैठक, समीक्षा, अनुभव आदान-प्रदान तथा क्षमता विकास कार्यक्रम चलाउनुपर्छ । प्रत्येक अधिकृतले शिक्षक तालिम, मूल्यांकन, नतिजा विश्लेषण, प्रश्नपत्र निर्माण लगायत शैक्षिक कार्यक्रम कार्यान्वयनमा प्राविधिक सहजकर्ता भएर काम गर्नुपर्छ । शिक्षा शाखालाई नियमित प्राविधिक सहयोग गर्नुपर्छ । उपर्युक्त तीन तरिकाबाट सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा परिणाममुखी काम गर्न सकिन्छ । यस्ता शिक्षक सहायता अधिकृतलाई प्रशासनिक काममा लगाउनु हुँदैन । यस पदको कार्य सम्पादन अनलाइन प्रणालीमार्फत ट्र्याक हुने व्यवस्था मिलाउनुपर्छ । दैनिक गतिविधि प्रतिवेदन अनलाइनबाटै पठाउने प्रणाली हुनुपर्छ। ड्यासबोर्डबाट प्रगति अनुगमन गर्न सकिने व्यवस्था गर्नुपर्छ । विद्यालय सुपरिवेक्षण र शिक्षकको पेसागत सहयोगका लागि विगतमा भएका अभ्यासहरू हाल पूर्ण रूपमा बन्द छन्। अब स्थानीय तहले कानुनी व्यवस्था गरेर विद्यालय सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोगका लागि एक विशेष अभियान चलाउनुपर्छ । विद्यालयका शैक्षिक गतिविधिको नियमित सुपरिवेक्षण, 'अन द स्पट रिपोर्टिङ' प्रणाली विकास र प्रभावकारी कार्यान्वयनबाट मात्र विद्यालय शिक्षामा सुशासन र रूपान्तरणको अभियान अघि बढ्न सक्नेछ । यसरी मात्र आमूल परिवर्तन गर्न सकिनेछ । संघ, प्रदेश र स्थानीय तह तथा विकास साझेदार, गैरसरकारी संस्थाहरू र अन्य सरोकारवाला निकायहरूबीच समन्वय, सहकार्य र साझेदारी पनि अपरिहार्य छ । यसो गर्न सके मात्रै विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सकिने छ ।

***-सेतोपाटी डटकम***

# आज विश्व हेपाटाइटिस दिवस मनाइँदै

**पाल्पा,** साउन ११/आज विश्व हेपाटाइटिस दिवस विभिन्न चेतनामुलक कार्यक्रम गरी नेपालसहित विश्वभर नै मनाइँदैछ । हरेक वर्षको जुलाई २८ तारिखमा मनाइने हेपाटाइटिसविरुद्धको दिवस विभिन्न स्वास्थ्य संस्थाहरु र चिकित्सकले जनचेतनामूलक कार्यक्रम र अन्तर्क्रिया आयोजना गरी मनाइँदै छन् ।




हेपाटाइटिस रोग बारेको चेतना, यसको परिक्षण र उपचारमा सबैको पहुँच पुऱ्याउनु पर्नेमा दिवसले जोड दिएको छ । हेपाटाइटिस भाइरसद्वारा हुने सरुवा रोग हो । भाइरसको संक्रमणका कारण मानिसको कलेजोमा असर पुगी सुन्निनु वा काम गर्न नसक्ने अवस्थामा पुग्नु नै हेपाटाइटिस हो । हालसम्म यसका ए, बी, सी, डी र ई गरी ५ किसिमका भाइरसहरु रहेको पाईएको छ । विभिन्न किसिमका संक्रमण, असुरक्षित यौन सम्पर्क, संक्रमित आमाबाट जन्मिएको शिशुमा र सिरिन्जबाट लागु पदार्थ लिनेहरुलाई हेपाईटिस रोग लाग्ने गर्दछ । नेपालमा हुने भाइरल हेपाटाइटिसमा चार प्रमुख छन् । यसमा हेपाटाइटिस 'ए', हेपाटाइटिस 'इ', हेपाटाइटिस 'बी' र हेपाटाइटिस 'सी' रहेका छन् । हेपाटाइटिस रोग कलेजोमा सुजन वा सुन्निनु हो जुन विभिन्न प्रकारका सङ्क्रामक भाइरस र गैरसङ्क्रामक कारणले स्वास्थ्यमा समस्या निम्त्याउने गर्छ । हेपाटाइटिस बी र सीले दीर्घकालीन समस्या निम्त्याउँछ । कलेजो सिरोसिस, कलेजो क्यान्सर र भाइरल हेपाटाइटिसबाट मृत्युसम्मको कारण हेपाटाइटिस बी र सी रहेको छ । भाइरल हेपाटाइटिस साइलेन्ट किलर पनि भनिन्छ । हेपाटाइटिस बी र सीका अधिकांश बिरामीमा लक्षण देखिँदैन, लक्षण नदेखिँदा ढिला उपचार गराउने कारण क्यान्सर लाग्ने हुन्छ । हेपाटाइटिस बी र सी एउटा समूहमा राखिन्छ । रगत र रगतजन्य पदार्थबाट सर्ने यो प्रकारको हेपाटाइटिस शारिरीक सङ्क्रमणबाट समेत सर्दछ । सीको सङ्क्रमण धेरै लागुपदार्थ दुर्व्यसनीमा फस्नेमा देखिने गरेको छ । हेपाटाइटिस बी सङ्क्रमित आमाबाट बच्चामा सर्ने हुन्छ । परिवार र समुदायमा बढी देखिने गर्दछ । चिकित्सकका अनुसार भाइरल हेपाटाइटिस सङ्क्रमण मौन हुने गर्छ । हेपाटाइटिस ए र 'इ'भन्दा बी र सीको सङ्क्रमण घातक हुने गरेको छ । विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ)का अनुसार विश्वभर यी दुई प्रकारका हेपाटाइटिसबाट हरेक दिन झन्डै आठ हजार नयाँ सङ्क्रमित थपिन्छन् । यसबाट प्रत्येक वर्ष १० लाखभन्दा बढी हेपाटाइटिसका कारण मृत्यु हुने डब्लुएचओको अनुमान छ । विश्व स्वास्थ्य सङ्गठनको विश्वव्यापी हेपाटाइटिस रणनीतिअनुसार सदस्य राष्ट्रमा सन् २०३० सम्म नयाँ हेपाटाइटिस सङ्क्रमण ९० प्रतिशत र मृत्युलाई ६५ प्रतिशतले घटाउने लक्ष्य छ ।

## बुटवलस्थित जबई खेल...

...लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८१ फागुन ६ गतेको निर्णयअनुसार आयोजना कार्यान्वयनका लागि युवा तथा खेलकुद मन्त्रालयबाट प्रदेश पूर्वाधार विकास प्राधिकरणमा हस्तान्तरण गरेको इञ्जिनियर सुवेदीले जानकारी दिए । प्रदेशस्तरीय खेलकुद क्षेत्रको विकास आयोजना कार्यान्वयनका क्रममा कर्णेल उजिरसिंह थापा रङ्गशाला हाताभित्र करिब २० हजार दर्शकले खेल हेर्न मिल्नेगरी सुविधासम्पन्न फुटबल मैदानसहित बहुउद्देयीय खेल मैदान, भलिबल कोर्ट, 'एथलेटिक ट्रेक', 'एक्वाटिक सेन्टर', 'स्विमिङ पुल', चमेनागृह, पार्किङ स्थल, सानो बाल उद्यानलगायत संरचना निर्माण हुनेछन् । यसैगरी, रङ्गशाला प्रवेशका लागि चार वटा प्रवेशद्वार, आपतकालीन द्वार, चारैतर्फ १२ देखि २० हजार दर्शक अट्ने क्षमताको आधुनिक 'प्याराफिट' निर्माण गर्नेगरी डिजाइन गरिएको इञ्जिनियर सुवेदीले जानकारी दिए । स्थानीय जनप्रतिनिधि ध्रुव थापाका अनुसार बुटवल उपमहानगरपालिकाले जबई खेल मैदानमा केही संरचना निर्माण गरी क्षेत्रीय, जिल्ला तथा स्थानीयस्तरका विभिन्न खेल प्रतियोगिता सञ्चालन गर्दै आएकामा तीनै तहका सरकारको सहयोग र सहकार्यमा अब सुविधा सम्पन्न रङ्गशाला निर्माण हुने भएको छ । सो रङ्गशाला निर्माण गर्न लुम्बिनी प्रदेश सरकारले बर्सेनि बजेट व्यवस्था गर्दै आए पनि खेल मैदान हाताभित्र रहेका केही रुख कटान गर्ने क्रममा 'वन कार्यालय'ले अवरोध सिर्जना गरेपछि विनियोजित रकम फ्रिज हुनासाथ चिन्तित बनेका स्थानीयवासी अहिले खुसी देखिएको जनप्रतिनिधि थापाले बताए । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलको विशेष पहलमा 'वन'को समस्यासहित देखिएका तमाम अड्चनहरू समाधान भएसँगै स्थानीय भूपू सैनिक, युवा तथा खेलाडी र आमसर्वसाधारण वर्षौंदेखि उठाउँदै आएको माग पूरा भएकामा स्थानीयवासी हर्षित भएको भूपू सैनिक जबई स्पोर्टिङ क्लबका अध्यक्षसमेत रहेका स्थानीय अगुवा गोपिराम पुन बताउन्छन् । ङ्गशाला निर्माण प्रक्रियालाई अघि बढाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने उपप्रधानमन्त्री पौडेलसहित प्रदेश सरकार र स्थानीय तहप्रति आभारी छौँ ।"'वन प्रशासन'ले वन क्षेत्र प्रयोग गर्न गत असोज १८ गते प्रदान गरेको अनुमतिअनुसार रङ्गशाला निर्माणसहित यसक्षेत्रका महत्वपूर्ण विकास आयोजनालाई काम गर्ने बाटो खुलेको थियो । अहिले सो रङ्गशालाको 'डिपिआर' अनुसार काम गर्ने जिम्मा प्रदेश सरकार मातहतको प्रदेश पूर्वाधार विकास प्राधिकरणले पाएको छ । प्राधिकरणले रङ्गशाला क्षेत्रको 'साइट'मा समन्वय गर्न उद्देश्यले विमला श्रेष्ठको नेतृत्वमा टोली परिचालन गरेको इञ्जिनियर सुवेदीले जानकारी दिए । सो रङ्गशाला निर्माणका क्रममा आवश्यक सहजीकरण गर्नुहुने रुपन्देही जिल्ला क्षेत्र नं २ बाट प्रतिनिधिसभामा प्रतिनिधि गर्ने उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले गत शनिबार 'जबई खेल मैदान क्षेत्र'को प्राविधिक टोलीसहित निरिक्षण गर्दै गुरुयोजनाअनुसारको बहुउद्देश्यीय रङ्गशाला निर्माणको कामअघि बढिसकेको बताए । स्थानीयवासी र खेलकुदप्रेमीको भावना र चाहनाबमोजिम आफ्नै निर्वाचन क्षेत्रभित्र प्रदेश सरकारको सहयोगमा आधुनिक एवं सुविधासम्पन्न रङ्गशाला बन्न लागेकामा खुसी व्यक्त गर्दै उनले निर्माणाधीन कामको निगरानीसहित गुणस्तरमा ध्यान दिन सम्बद्ध सबैसँग अनुरोध गरे । उनले वन क्षेत्रको अनुमति, बजेट विनियोजन, मन्त्रालय हस्तान्तरण र पूर्वाधार विकास प्राधिकरणलाई अधिकार प्रदानगरी परियोजना कार्यान्वयन सुनिश्चित गर्ने काम सम्पन्न भइसकेको अवस्थामा अब निर्माण कार्यमा अरु कुनै व्यवधान नरहेको स्पष्ट गर्दै अर्थमन्त्री पौडेलले स्थानीय जनप्रतिनिधि, नागरिक समाज, स्थानीयवासीको निर्माणको गुणस्तरमा ध्यान जानुपर्नेमा जोड दिए । सुरुमा प्रदेश सरकारले रु १० लाख र उपमहानगरले रु पाँच लाख गरी १५ लाख विनियोजन गरी रङ्गशालाको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को कामअघि बढाउन लाग्दा वन क्षेत्रमा उजुरी परी निर्माण प्रक्रिया रोकिएको थियो । विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार साढे चार बिघा क्षेत्रफलमा निर्माण हुने भनिएको रङ्गशालाको १५ मिटर जग्गा जितेश्वरी सामुदायिक वनमा पर्ने भएपछि डिपिआर र इआइएको काम पूरा भए पनि जग्गा प्राप्तिको प्रक्रिया रोकिएको थियो । जग्गा प्राप्त गर्न नसके पनि प्रदेश सरकारले रङ्गशाला निर्माण गर्ने भन्दै विगत चार वर्षदेखि नियमित बजेट विनियोजन गर्दै आएको थियो । पछिल्ला चार वर्षमा प्रदेश सरकारले झण्डै २० करोड बजेट यही रङ्गशालाका नाममा छुट्याउँदै आए पनि बजेट 'फ्रिज' हुने गरेको थियो । सबै पक्षबाट आवश्यक पहलकदमी भएपछि निर्माण प्रक्रिया सम्भव भएको हो भन्दै यसै क्षेत्रका प्रदेशसभा सदस्यसमेत रहनुभएका पूर्वमन्त्री भोजप्रसाद श्रेष्ठले भने, "जेजति उल्झन ब्यहोरियो अब व्यहोर्नु पर्ने छैन, यसक्षेत्रको मुहार फेरिने गरी मैदान बन्नेछ, स्थानीयवासी र खेलप्रेमीको चाहना र भावनाबमोजिम प्रदेश सभासदका हैसियतले सक्दो सहयोग र समन्वय गरेँ, रङ्गशाला बन्ने सुनिश्चित भएपछि अहिले साह्रै खुसी छु ।" *-रासस*

### खेलकुद समाचार

## अस्ट्रेलियाको लगातार चौथो जीत



**काठमाडौं,** साउन ११/वेस्ट इन्डिजसँगको पाँच खेलको टी-२० क्रिकेट शृङ्खलामा अस्ट्रेलियाले लगातार चौथो खेल जितेको छ । यस अघि अस्ट्रेलियाले लगातार तीन खेल जित्दै शङ्ख्ला नो पक्षमा पारिसकेको छ । आइतबार बिहान भएको खेलमा अस्ट्रेलियाले वेस्ट इन्डिजलाई तीन विकेटले हरायो । वेस्ट इन्डिजले दिएको दुई सय छ रनको लक्ष्य पछ्याएको अस्ट्रेलियाले १९ ओभर दुई बलमा सात विकेट गुमाएर भेटायो । अस्ट्रेलियाका क्यामरुन ग्रिनले अविजित ५५ रन बनाए । यस्तै जोश इङ्गलिसले ५१ र ग्लेन म्याक्सवेलले ४७ रन बनाए । वेस्ट इन्डिजका जेडिया ब्लेड्सले तीन विकेट लिए । यस्तै जेसन होल्डर, रोमारियो शेफर्ड र अकिल होसेनले समान एक विकेट लिए । त्यसअघि वन्डर पार्क क्रिकेट रङ्गशालामा टस हारेर ब्याटिङ गरेको वेस्ट इन्डिजले नौ विकेट गमाएर दुई सय पाँच रन बनाएको थियो । वेस्ट इन्डिजका शेर्फेन रदरफोर्डले ३१ तथा रोभम्यान पावेल र रोमारियो शेफर्डले समान २८ रन बनाए । अस्ट्रेलियका एडम जाम्पाले तीन तथा आरोन हार्डी, जेभियर बार्टले र शन एबटले समान एक विकेट लिए । शृङ्लाअन्तर्गत पाँचौ तथा अन्तिम खेल मंगलवार हुनेछ । यस अघि यी दुई देशबीच भएको तीन खेलको टेस्ट शृङ्लामा पनि अस्ट्रेलियाले क्लीन स्वीप गरेको थियो ।

वर्गीकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## नेप्सेमा दोहोरो अंकको गिरावट



**पाल्पा,** साउन ११/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिँदा कारोबार रकम साढे रु २६ अर्ब नाँघेको छ । नेप्से परिसूचक १८ दशमलव ४४ अङ्कले घटेर दुई हजार ९६४ दशमलव २० को बिन्दुमा कायम भएको हो ।

तीन सय २३ कम्पनीको पाँच करोड ८६ लाख ५३ हजार ७६२ कित्ता शेयर दुई लाख तीन हजार ६५८ पटक खरिदबिक्री हुँदा रु २६ अर्ब ५७ करोड ७४ लाख ३८ हजार २३७ बराबरको कारोबार भएको छ । कारोबार रकम पछिल्लो करिब ११ महिनाकै उच्च हो । विकास बैंक समूह एक दशमलव २३, उत्पादन तथा प्रशोधन एक दशमलव शून्य आठ, म्युचुअल फण्ड शून्य दशमलव ३९ र व्यापार समूह एक दशमलव ४४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । किङ शून्य दशमलव ७१, वित्त एक दशमलव ९९, होटल तथा पर्यटन एक दशमलव ७९, जलविद्युत् एक दशमलव शून्य नौ, लगानी एक दशमलव ६६, जीवन बिमा एक दशमलव ३५, निर्जीवन बिमा शून्य दशमलव ६७ र अन्य समूह शून्य दशमलव ८६ प्रतिशतले घटेको छ । कारोबारमा समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड र ट्रेड टावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ३४ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी शिवम् सिमेन्ट लिमिटेडको रु एक अर्ब दुई करोड तीन लाख ३५ हजार ९२३ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी लक्ष्मी सनराइज बैंक प्रमोटरको शेयर २१ लाख २० हजार ९१२ कित्ता किनबेच भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हार्दिक शुभकामना
नेपाल सरकारद्वारा निरन्तर 'क' वर्गमा सूचीकृत नवजनचेतना राष्ट्रिय दैनिकले आफ्नो स्थापनाको ३० औं वर्ष सफलतापूर्वक पुरा गरी ३१ औं वर्षमा प्रवेश गरेको पावन अवसरमा हार्दिक बधाई ज्ञापन गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शंकर बाबु अर्याल
शाखा प्रवन्धक एवम्
गरिमा विकास बैंक लिमिटेड
तानसेन पाल्पा शाखा परिवार

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई